# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत असार १४ गते, २०८१ साल (अतिरिक्ताङ्क ०५

## भाग-२

### कर्णाली प्रदेश सरकार

### उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

**सूचना**

**प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०८१**

प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ को दफा ७७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८० को नियम ६ मा संशोधन</u>**ः प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को,-

(१) उपनियम (१) मा रहेका "दुई वर्षका" भन्ने शब्दहरुको सट्टा "पाँच वर्षका" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (४) को सट्टा देहाय बमोजिमको उपनियम (४) राखिएको छः-

"(४) उपनियम (२) बमोजिमको अवधिभित्र निजी फर्म नवीकरण गराउन नसकेको निजी फर्मको धनीले सोको मनासिव कारण खुलाई निजी फर्मको अवधि समाप्त भएको मितिले दश वर्षभित्र सम्बन्धित निकायमा दरखास्त दिन सक्नेछ। यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिव देखिएमा सम्बन्धित निकायले पैंतिस दिनभित्र देहाय बमोजिमको अवधिसम्मको लागि देहाय बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो निजी फर्म नवीकरण गरी दिनु पर्नेछः-

(क) निजी फर्मको अवधि समाप्त भएको मितिले तीन महिनासम्मको लागि नियम ४ को उपनियम (३) बमोजिमको दर्ता दस्तुरको दोब्बर दस्तुर,

(ख) खण्ड (क) मा उल्लिखित अवधि समाप्त भएको दिनदेखि एक वर्षसम्मको लागि नियम ४ को उपनियम (३) बमोजिमको दर्ता दस्तुरको तेब्बर दस्तुर,

(ग) खण्ड (ख) मा उल्लिखित अवधि समाप्त भएको दिनदेखि पाँच वर्षसम्मको लागि नियम ४ को उपनियम (३) बमोजिमको दर्ता दस्तुरको चार गुणा दस्तुर,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(घ) खण्ड (ग) मा उल्लिखित अवधि समाप्त भएको दिनदेखि दश वर्षसम्मको लागि नियम ४ को उपनियम (३) बमोजिमको दर्ता दस्तुरको पाँच गुणा दस्तुर।"

निर्णय भएको मितिः २०८१/०३/१३

आज्ञाले,
डा. केदार बराल
प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय